नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१५८३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८१/०८२
च नं

## सामग्री आपूर्तिकर्ताहरुलाई सिलबन्दी आर्थिक प्रस्ताव पेश गर्नेबारेको सूचना ।

प्रथम पटक प्रकाशित २०८१/०९/२४

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि तथा दुग्धजन्य औजार उपकरण एवं सामग्रीहरू अनुदानमा वितरणको निमित्त यस कार्यालयको website https://piukaski.pmamp.gov.np/publications बाट प्राविधिक स्पेसिफिकेशन सहितको आर्थिक प्रस्ताव फारामहरू निशुल्क प्राप्त गरी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन दिउँसो १२:०० बजेभित्र उक्त सामग्रीहरू आपूर्ति गर्ने आधिकारिक उत्पादक/विक्रेता र सप्लायर्सहरूले सिलबन्दी सूचीकृत तथा आर्थिक प्रस्ताव कार्यलयको प्रमाणित ढाँचामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्राप्त प्रस्तावहरू सोही दिन दिउँसो २:०० बजे खोलिने समेत जानकारी गराइन्छ। अन्तिम दिन सार्वजनिक बिदा परेमा सो कार्यहरू बिदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

<u>तपसिल</u>

१. कृषि यान्त्रीकरण तथा कृषि उपकरणका सामग्रीहरु
२. सिँचाइका आवश्यक सामग्रीहरु
३. प्लाष्टिक घर निर्माण सम्बन्धी सामाग्रीहरु
४. थोपा सिँचाई जडान सम्बन्धी सामाग्रीहरु
५. दुग्धजन्य उत्पादन सम्बन्धित यान्त्रीकरण सामाग्रीहरु

शर्त एवं कागजातहरुः

(१) आर्थिक प्रस्ताव पेश गर्दा रु. १० को टिकट टाँस गरी निवेदन साथ फर्म दर्ता प्रमाण पत्र, संस्था नवीकरण प्रमाण पत्र वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र, गत आ.व.को लेखापरीक्षण प्रतिवेदन, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाण-पत्र, फर्मको व्यवसाय इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्र, आधिकारिक डिलरको वा सर्भिस सेन्टरको संस्था दर्ता, PAN वा VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित ( नोटरी पव्लीकबाट) प्रतिलिपिहरु संलग्न राखी पेश गर्नु पर्नेछ ।

(२) व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालो सूचीमा नपरेको भनि लिखित रुपमा गरेको स्वघोषणा ।

(३) प्रस्ताव फारममा आपुर्ती गर्न सक्ने फर्म/सप्लायर्सहरुले प्रमाणित स्पेसिफिकेसनमा उल्लेख भएको सम्पूर्ण विवरण भर्नुपर्नेछ अन्यथा पेश गरेको मूल्यसूचि तथा आपूर्तिकर्ता कार्यालयबाट स्वीकृतिका लागि योग्य हुने छैन । प्रति ईकाइ मूल्य दर अङ्क र अक्षरमा उल्लेख गर्नु पर्नेछ, अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(४) प्रस्ताव साथ सामग्रीहरुको उत्पादक कम्पनीको आधिकारिक विक्रेता तथा एजेन्ट(Authorized Agent)/डिलरसिप रहेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ।

(५) कृषि सामग्रीहरुको Specification, ब्रान्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने Catalogue, Leaflet वा Brochure अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(६) रीत नपुगी वा म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

<u>थप जानकारीको लागि</u>

सम्पर्कः ०६१-५८३६१३, ९८५६००७१००, ९८५६००७१०१, ९८५६००७१०३

<u>इमेलःpmamp.piu.kaski@gmail.com</u>

वेभ पेजःwww.piukaski.pmamp.gov.np

Facebook: pmamp piu kaski

माधव प्रसाद लम्साल
कृषि अधिकृत